
# स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन

## अन्तिम प्रतिवेदन

पुष, २०७९




## सिरानचोक गाउँपालिका, छोप्राक, गोरखा

## गण्डकी प्रदेश



सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

उमेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

# १. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको परिचय

## १.१ पृष्ठभूमि

बि.सं. २०७४ मा स्थानीय निर्वाचन सफलतापूर्वक सम्पन्न भए पश्चात निर्वाचित प्रतिनिधिहरूलाई स्पष्ट जनादेश, जिम्मेवारी र कार्यहरू सहित स्थानीय सरकारहरूको व्यवस्थापन गर्ने अधिकार, शक्ति र कार्य प्रदान गरियो । संघिय मामला तथा सामान्य प्रशासन मन्त्रालय गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, प्रदेश सुशासन केन्द्रको सहयोगमा स्थानीय तह संस्थागत स्वमूल्याङ्कन कार्यको प्रमुख अभिभारा मार्फत सबैलाई आकर्षित गर्ने गाउँगाउँमा सिँहदरवार भन्ने लोकप्रिय नाराका माध्यमबाट केन्द्रीकृत र एकात्मक मनस्थितिलाई विकेन्द्रीकरणमा परिवर्तन गरियो । तथापि, सङ्घीयताको अभ्यासलाई गाउँगाउँसम्म पुऱ्याउन स्थानीय गाउँपालिका तथा नगरपालिकाहरूको क्षमतामा अभिवृद्धि गर्नु पहिलो आवश्यकता भएकोले यसैलाई दृष्टिगत गरी सरकारले स्थानीय सरकारको क्षमता विकास शुरु गर्ने रणनीति तयार पाऱ्यो । यद्यपि, क्षमता विकास एक निरन्तर प्रक्रिया हो र यसद्वारा व्यक्ति, संस्था, संगठन र समाजले आफ्ना कार्यहरू संचालन गर्न, समस्या समाधान गर्नका साथै लक्ष्यहरू प्राप्त गर्न र क्षमताहरू विकास गर्न सक्षम बनाइन्छ ।

## १.२ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको सान्दर्भिकता

स्थानीय निर्वाचन सफलतापूर्वक सम्पन्न भए पश्चात निर्वाचित प्रतिनिधिहरूलाई योजना निर्माण, दीर्घकालिन योजना बजेट र अन्य विभिन्न कार्य सम्पन्न गरी स्थानीय सरकारको संस्थागत विकास गर्नका ठुलो चुनौति छ । संस्थागत स्वमूल्याङ्कनले स्थानीय सरकारको संस्थागत, कानुनी, राजनीतिक र आर्थिक पक्षहरुको विकासक्रम के कस्तो अवस्थामा रहेको छ भन्ने जानकारी दिनुका साथै संवैधानिक जिम्मेवारी अन्तर्गतका महत्वपूर्ण विषयहरुलाई समयमा नै सम्बोधन गर्न सकिने गरी स्थानीय सरकारलाई सबल बनाउन समयबद्ध कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्न मार्ग प्रशस्त गर्दछ । स्थानीय सरकार आफ्नो संवैधानिक जिम्मेवारी प्रभावकारी ढंगबाट पुरा गर्न सक्षम छ भन्ने सुनिश्चित गर्नका लागि स्थानीय सरकारको सबल पक्ष र कमजोर पक्ष अर्थात सुधार गर्नुपर्ने पक्षहरुको नियमित रुपमा विश्लेषण हुनु पर्दछ । यस पद्धतिले स्थानीय सरकारको संस्थागत क्षेत्रमा रहेका सबल पक्ष र कमजोर पक्ष अर्थात सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गर्न मद्धत पुऱ्याउँछ । स्थानीय सरकारको कार्यक्षमता र सेवा प्रवाहका विषयहरु अति नै महत्वपूर्ण छन् । स्वमूल्याङ्कन पद्धतिले सम्बन्धित स्थानीय सरकारको चुनौती र अवसरहरु पहिचान गरी कार्यक्षमता अभिवृद्धि गर्न मद्धत पुऱ्याउँछ ।

## १.३ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको उद्देश्य

यस कार्यको प्रमुख उद्देश्य निम्न बमोजिम छ :

(क) स्थानीय सरकारको क्षमता सम्बन्धमा स्वमूल्याङ्कन गर्ने ।

(ख) निर्वाचित प्रतिनिधि तथा कर्मचारीहरु लगायतका सबैको संस्थागत तथा सांगठनिक क्षमता लेखाजोखा गर्ने ।

(ग) स्थानीय सरकारले गरेका राम्रा अभ्यास, प्रयास, सिकाई र उपलब्धिहरूलाई उजागर गर्दै सुशासन प्रवर्द्धन गर्न सुधारात्मक पक्ष तथा चुनौतिको पहिचान गर्ने ।

(घ) स्थानीय सरकारको वित्तीय साधनहरूको उपयोग मितव्ययि एवं दक्षतापूर्ण रुपमा सुधारात्मक पक्ष तथा चुनौतिलाई सम्वोधन गर्न रणनीतिगत कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने ।

## १.४ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको कार्यक्षेत्र

स्थानीय सरकारहरूको शासन प्रणालीको सुदृढीकरण र स्थानीय सरकारको सेवा प्रवाहको दक्षता सुधार गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मार्गदर्शन सहित गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, प्रदेश सुशासन केन्द्रको सहजिकरणमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिसा) सम्बन्धी औजारको विकास गरेको छ । यसले स्थानीय सरकारलाई समग्र रूपमा आफ्नो कार्य जिम्मेवारी बुझ्न र उनीहरूको आफ्नै कार्यसम्पादनमा थप प्रभावकारिता ल्याउन तथा क्षमता फरक वा कमजोर रहेको अवस्थामा क्षमता अभिवृद्धिका कार्यक्रमहरूको कार्यान्वयन आफ्नै प्रयासमा गर्नका साथै सङ्घीय र प्रदेश सरकारलाई समेत स्थानीय तहहरूको यस प्रयासमा नजिक ल्याउन सहयोग पुऱ्याउँछ । यसका अलावा, स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको माध्यमबाट स्थानीय सरकारको अवसर तथा चूनौतिहरूको पहिचान गर्न सहयोग पुग्दछ । यसको सम्बोधनका लागि मन्त्रालयको आफ्नै प्रयासमा यसको केही गाउँपालिकाहरूमा लिसाको सफल नमूना परीक्षण (पाइलटिङ्ग) समेत सम्पन्न गरिसकेको छ । जसको परिणामस्वरूप, स्थानीय सरकारहरूमा व्यवस्थित रूपमा क्षमता विकास सम्बन्धी योजना बनाउने र कमजोर क्षमता भएका कार्यक्षेत्रहरू पहिचान गरी सोको क्षमता विकासको



उमेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

कार्ययोजना सहित सम्बोधन गर्ने, विकास परियोजनाहरुको प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, सेवाहरुमा नागरिकको पहुँच बृद्धि गर्ने र यसका लागि आवश्यक स्रोतको व्यवस्था समेत गर्ने रणनीतिको तर्जुमा गर्ने परिपाटीको विकास भईसकेकोछ ।

यो प्रतिवेदन गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाको सिरानचोक गाउँपालिका सँग सम्वन्धित छ । यस प्रतिवेदनमा सिरानचोक गाउँपालिकामा सङ्कलन गरिएका सूचनाहरू, छलफल गरिएका विषयहरू, निश्कर्ष र निचोडहरू तथा अन्तरक्रियाबाट आएका विश्लेषणका परिणामहरू प्रस्तुत गरिएको छ ।

**माथिका कुराहरु अभिव्यक्त गर्न निम्न विषय वस्तुहरुलाई पनि ध्यान दिइयो ।**

(क) गाउँपालिकाका पदाधिकारी, कर्मचारीहरुलाई अभिमुखिकरण
(ख) क्षमताको स्वमूल्याङ्कन
(ग) सुशासनको अभ्यासमा कमि तथा चुनौतिहरुबारे बुझाई
(घ) सिकाईहरु
(ङ) यसबाट आउने असरहरु

### १.५ स्वमूल्याङ्कन कार्यका सिमाहरु

यस संस्थागत स्वमूल्याङ्कन गतिविधि संचालन गर्दा गाउँपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरूहरुसंगको अन्तरक्रियात्मक कार्यशाला, सवल तथा कमजोर पक्ष, अवसर र चुनौतीहरुको विश्लेषण र अभिमुखीकरण जस्ता विधिहरू अपनाईएको थियो । प्राप्त गरिएका र बिश्लेषण गरिएका सवै सुचनाहरूको बिश्लेषण सहभागितामूलक विधि मार्फत गरिएको थियो । यसरी सुचनाहरूको संकलन तथा विश्लेषणका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको संस्थागत स्वमूल्याङ्कन बिधिको प्रयोग गरिएको थियो ।

## २. संस्थागत स्वमूल्याङ्कनको अध्ययन विधि

### २.१ अध्ययन बिधि

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन विधिका लागि प्राथमिक स्रोतबाट संकलन गरिएका तथ्याङ्कको प्रयोग गरिएको छ । यसका लागि, गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारीहरुसंग समेत अन्तरक्रिया, शाखागत रूपमा छलफल, विषयगत शाखा तथा जनप्रतिनिधीहरुसंग प्रमाणिकरणका आधारहरु संकलनका लागि छलफल तथा अन्तक्रिया सम्पन्न गरिएको । प्रमाणित गर्ने आधारहरू संकलन गर्न सहयोग गरेको । विषय सूचकको आधारमा संस्थागत मुल्यांकनको कार्यलाई सहयोग र सहजीकण गरेको ।

सहभागितात्मक कार्यशाला गोष्ठीको आयोजना गरी सुचना संकलन तथा विश्लेषण समेत गरिएको थियो । यसरी संकलन तथा विश्लेषण गरिएको सूचनालाई गाउँपालिकासँग भएका तथ्यहरुसँग रुजु गरी गराई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सफ्टवेयरमा online मा प्रविष्ट गरी तथ्याङ्कको सत्यता समेत परीक्षण गरिएको थियो । संस्थागत स्वमूल्याङ्कनका लागि निम्न विषय समेटीएको थियो ।

१. शासकीय प्रवन्ध
२. संगठन तथा प्रशासन
३. बार्षिक बजेट तथा योजना व्यवस्थापन
४. वित्तीय एवं आर्थिक व्यवस्थापन
५. सेवा प्रवाह
६. न्यायिक कार्य सम्पादन
७. भौतिक पूर्वाधार
८. सामाजिक समावेशीकरण
९. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन
१०. सहकार्य र समन्वय

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्योङ्गाक, गोरखा गण्डकी प्रदेश, नेपाल

उमेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

## ३. नतिजा र निश्कर्ष

### स्वमूल्याङ्कनको भूमिका

यस कार्यपालिका (लेखाजोखामा) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनका दश विषयगत क्षेत्रका १०० सुचकहरुमा विश्लेषण तथा छलफलबाट स्थानीयतहको विद्यमान अवस्थाबाट तथा अपेक्षित अवस्थामा पुग्नको निमित्त मार्ग निर्देशन हुनेगरी आवश्यक सुधारात्मक पक्षका बारेमा जनप्रतिनिधि तथा कर्मचारी बीचको सामुहिक छलफलबाट वोध गराईएको थियो । सामुहिक रुपमा महशुस गरिएका कारण मूल्याङ्कनको नतिजा तथा रणनितिक कार्ययोजनालाई संस्थागत रुपमा अपनत्व प्रदान गर्नुका साथै कार्ययोजना कार्यान्वयन गर्न गाउँपालिकाको प्रतिबद्धता कायम गर्न सघाउ पुग्न गएको थियो ।

उमेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

## ३.१ गाउँपालिकाको सबल पक्ष,कमजोर पक्ष, अवसर तथा चुनौतीहरुको विश्लेषण

### तालिका २: सबल पक्ष,कमजोर पक्ष,अवसर तथा चुनौती विश्लेषण नतिजा

| विषय | सबल पक्ष | सुधार्नु पर्ने पक्ष | अवसर | चुनौति |
|---|---|---|---|---|
| शासकीय प्रबन्ध | • सभाको संचालन प्रकृया नियम संगत रहेको ।<br>• कार्यपालिकाको निर्णय खुलारुपमा छलफल भई सर्वसम्मत हुने गरेको ।<br>• स्थानीय ऐन निर्माण तथा कार्यान्वयन<br>• नीति कार्यक्रम तथा वजेट राम्रो नै रहेको<br>• लेखा प्रणालीमा सुत्रको प्रयोग भएको ।<br>• आवश्यक सबै क्षेत्रमा बन्नु पर्ने ऐन, नियम, कार्यविधि निर्माण भई सकेको | • समयमै कार्यकारी मिटिङ हुन अलि नसकेको<br>• समयमै कार्यपालिकाको बैठक समय तथा एजेण्डा बारेमा संधै जानकारी हुने नगरेको | • कार्यपालिका बैठकमा अनेक समस्याको बावजुद पनि अधिकांस सदस्यहरुको सहभागिता रहने गरेको<br>• कार्यविधि, ऐन, नियम आदिको उपलब्धता | • बनी सकेको ऐन, नियम तथा कार्यविधिको कार्यान्वयन |
| संगठन तथा प्रशासन | • संगठन संरचना अनुसार विषयगत शाखाहरुको स्थापना भएको | • विषयगत शाखामा पर्याप्त कर्मचारी अभाव<br>• कर्मचारी र जनप्रतिनिधिहरु बीच कार्यविभाजन नभएको | • लोक सेवा आयोगबाट दरबन्दी अनुसार आवश्यक कर्मचारी पदपूर्ति उपलब्ध हुने कम रहेको | • कार्यालय प्रमुख र अन्य कर्मचारी बीच कार्य सम्पादन सम्झौताको व्यवहारिक कार्यान्वयन गर्नु |
| वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन | • वार्षिक कार्यक्रम तथा वजेट तयार भएको<br>• योजना तर्जुमा गर्दा चरणबद्धरुपमा नियम अनुसार योजना निर्माण गर्ने गरेको | • समय सिमा भित्र बजेटको प्रस्तुति तथा स्विकृति हुन नसक्नु | • उपभोक्ता समिति र गै.स.स. मार्फत कार्यान्वयन हुने आयोजनामा लागत साझेदारी हुने गरेको<br>• प्राथमिकताको योजना | • दीगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरी कार्यान्वयन गर्नु<br>• वार्षिकरुपमा राजश्वको उल्लेखनीय वृध्दि गरी कूल वार्षिक बजेटमा आन्तरिक आयको वृध्दि गर्नु |
| वित्तीय एवं आर्थिक व्यवस्थापन | • आन्तरिक राजस्वका श्रोत पहिचान गरि परिचालन गरिएको | • प्रदेश सरकारबाट प्राप्त बजेटको सम्वन्धित क्षेत्रमा परिचालन गर्न नसकिएको<br>• आयव्ययको विवरण निर्धारित समयमा सार्वजनिक गर्न नसकिएको । | • राजस्व सुधार कार्ययोजना निर्माण तथा कार्यान्वयन<br>• जडिवुटि, पर्यटकिय स्थलको पहिचान, होटल तथाहोमस्टे संचालनगरि आर्थिक लाभलिन सकिने । | • आवश्यक कर्मचारी उपलब्ध नहुनु । |
| सेवा प्रवाह | • भौतीक पूर्वाधारको अभाव भएतापनि आम नागरिकलाई प्रवाह गर्नु पर्ने सेवा प्रदान गरिएको । | • भौतिक पूर्वाधारको कारण उपयुक्त समय र स्थान सेवाप्रवाह गर्न नसकीएको । | • सेवामा सूचना प्रविधि प्रयोग गर्ने बढी सम्भाव्यता | • निर्माण गरिएका नीतिको असरयुक्त कार्यान्वयन । |



उमेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

| विषय | सवल पक्ष | सुधार्नु पर्ने पक्ष | अवसर | चुनौति |
|---|---|---|---|---|
| न्यायिक कार्य सम्पादन | • न्यायिक समितिबाट गरिएको निर्णयलाई प्राथमिकताको साथमा ग्रहण गरिएको । | • न्यायिक निरुपणको लागि इजलासको अभाव । | • गोपनियता कायम गर्न सकिने<br>• दुवै पक्षको हित अनुकूलको निर्णय गरिनु (win win situation) | • आवश्यक भौतिक पूर्वाधार निर्माण गर्नु र व्यवस्थापन गर्नु । |
| भौतिक पूर्वाधार | • कृषिको सम्भाव्यता तथा यसको आधुनिकिकरण ।<br>• सडकको विकास तथा विस्तारमा निरन्तरता<br>• विद्युतिकरण ।<br>• खानेपानीको पहुँच । | • पूर्वाधारमा दीर्घकालिन योजनाको अभाव ।<br>• क्षतिग्रस्त खा.पा. योजना मर्मत र विमा नहुनु ।<br>• | • सम्पूर्ण वडामा पक्कि सडक विस्तार गर्ने । | • पर्याप्त बजेटको अभाव ।<br>• भौगोलिक विकटता ।<br>• दक्ष संशाधनको अभाव ।<br>• पदीगो र अपांगमैत्रि भौतिक । संरचनाको निर्माण गर्न गराउन नसक्नु । |
| सामाजिक समावेशिकरण | • सामाजिक सुरक्षा भत्ता वितरण | • लैंगिक विभेद तथा छुवाछुत, अन्धविश्वासलाइ पर्याप्त रुपमा न्यूनिकरण गर्न नसक्नु | • लक्षित वर्गको लागि विशेष कार्यक्रम तथा बजेटको व्यवस्थापन | • जनतामा चेतनाको कमि<br>• सहि तथ्यांक संकलन, परिचय पत्र निर्माण तथा वितरण गर्ने<br>• |
| वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | • आपतकालीन कोषको व्यवस्था ।<br>• विपद् व्यवस्थापन सम्वन्धि कार्यविधि निर्माण । | • वतावरण तथा विपद व्यवस्थापन सम्वन्धि कार्यक्रममा विनियोजित बजेट खर्च हुन नसकेको । | • आपतकालीन कोषमा थप बजेट व्यवस्थापन र कार्यविधि निर्माण ।<br>• विपद व्यवस्थापन र वातावरण संरक्षणको लागिकार्यक्रम संचालन।<br>• | • भौगोलिक विकटता कारण कार्यक्रम कार्यान्वयन गर्न गाह्रो हुनु ।<br>• जनचेतना र जनशक्तिको अभाव ।<br>• वन फंडानी रोकथाम ।<br>• खुल्ला डढेलो रोकथाम । |
| सहकार्य र समन्वय | • अन्तर स्थानीय निकाय पर्यटन सेवाको सम्भावना । | • श्रोतको दीगो प्रयोगका लागि अन्तर स्थानीय समन्वयको कमी ।<br>• सबै संघ संस्थाहरुको परिचालन हुन नसक्नु ।<br>• नीजि क्षेत्रको लगानिको वातावरण अझै कमजोर | • पर्यटन सेवाको सम्भावना ।<br>• जडिबुटीको उत्पादन । | • जनतामा चेतनाको कमी ।<br>• जनशक्तिको अभाव । |

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घोप्राक, गोरखा गण्डकी प्रदेश, नेपाल

उमेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

### ३.२ संगठनात्मक तथा संस्थागत क्षमता लेखाजोखा

सबल पक्ष, सुधार गर्नुपर्ने क्षेत्र, अवसर र चुनौतिको विश्लेषणका अतिरिक्त, अध्यक्ष, उपाध्यक्ष, वार्ड अध्यक्ष, महिला सदस्य, दलित सदस्य, प्रमुख प्रशासकीय अधिकृत, लगायत सबै निर्वाचित पदाधिकारी तथा कर्मचारी संग छलफल गरिएको थियो । गहन छलफल तथा अर्न्तक्रिया पश्चात् निम्न लिखित कुराहरु प्राप्त भएका छन् । संगठनात्मक तथा संस्थागत क्षमता लेखाजोखामा समग्रमा तलका विषयवस्तुहरु समेटीएका छन् ।

**संस्थागत क्षमता लेखाजोखा**


- इन्टरनेट प्रविधिको विस्तार, नियमितता र स्तरोन्नती  जस्ता कुराबाट कार्यालय व्यवस्थापन प्रणालि व्यवस्थित गर्नु पर्ने ।
- सेवाग्राहिलाई ध्यान दिएर आधारभूत सेवा प्रदान गर्ने जस्तै निशुल्क वाइफाई, खानेपानी, सहयोग कक्ष, स्वास्थ्य कक्ष इत्यादि।
- गा.पा.को आन्तरिक श्रोत बढाउनु पर्ने ।
- आन्तरिक सञ्चार बढाउनुपर्ने ।
- विशेष गरी कार्यपालिका सदस्य तथा गाउंसभा सदस्यहरुलाई स्थानीय सरकारको भूमिका र जिम्मेवारी सम्वन्धि अभिमुखिकरणको आवश्यकता रहेको ।
- सबै कर्मचारी तथा जननिर्वाचित प्रतिनिधिहरुलाई योजना, बजेट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्वन्धि तालिमको आवश्यकता रहेको ।
- प्राविधिक कर्मचारी तथा जननिर्वाचित प्रतिनिधिहरुलाई भौतिक पूर्वाधारहरुको गुणस्तर सुनिश्चितता सम्वन्धि तालिमको आवश्यकता रहेको ।
- सार्वजनिक सेवाप्रवाहको सम्वन्धमा सिमान्तकृत समुदायलाई चेतनामूलक तालिममा वढवा दिनुपर्ने ।
- योजना अनुगमन प्रणालीको प्रभावकारिता तथा गुणस्तर सुनिश्चितताको उच्च आवश्यकता ।

उमेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

### ३.३ स्वमूल्याङ्कनको (लेखाजोखाको) नतिजा

| क्र. सं | विषय क्षेत्र | पुर्णाङ्क | प्राप्ताङ्क | प्राप्त प्रतिशत |
|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ७.५० | ८३.३३ |
| २ | संगठन तथा प्रशासन | ८ | ८.०० | १००.०० |
| ३ | वार्षिक वजेट तथा योजना | ११ | ९.५० | ८६.३६ |
| ४ | वित्तिय तथा आथिक | ११ | ९.५० | ८६.३६ |
| ५ | सेवा प्रवाह | १६ | १२.५० | ७८.१३ |
| ६ | न्यायिक कार्य | ७ | ६.७५ | ९६.४३ |
| ७ | भौतिक पूर्वाधार | १३ | ८.०० | ६१.५४ |
| ८ | सामाजिक समावेसिकरण | १० | १०.०० | १००.०० |
| ९ | वातावरण संरक्षण | ९ | ६.०० | ६६.६७ |
| १० | समन्वय तथा सहकार्य | ६ | १.७५ | २९.१७ |
| | **जम्मा** | **१००** | **७९.५०** | **७९.५०** |

### ३.४ स्वमूल्याङ्कनको (लेखाजोखाको) नतिजा माकुरे जालोमा




उमेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

## ३.५ सिरानचोक गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन को आधारमा तयार गरिएको संस्थागत क्षमता विकास कार्ययोजना

**(२०७९ माघ देखि २०८० असार सम्म)**

| क.स. | के गर्ने (क्रियाकलापहरु) | कस्ले गर्ने | कहिले सम्म गर्ने | आर्थिक दायीत्व | | जिम्मेवार व्यक्ति | प्रमाण |
|---|---|---|---|---|---|---|---|
| | | | | पर्ने | नपर्ने | | |
| **१. शासकीय प्रवन्ध** | | | | | | | |
| १ | आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका को कार्यान्वयन गर्ने । | प्रमुख प्रशासकिय अधिकृत | २०८० असार महिना सम्म | | √ | प्रमुख प्रशासकिय अधिकृत | स्वीकृत निर्देशिका । |
| २ | सभा र कार्यपालिकाका सवै निर्णयहरु रापजत्र संगै आफ्नो वेभ पेज वा सूचनापाटीमा टाँस गरी सार्वजनिक गर्ने । | सूचना शाखा | निरन्तर । | | √ | सुचना प्रविधि अधिकृत | वेभ पेज |
| ३ | प्रत्येक महिना कम्तिमा १ पटक अनिवार्य रुपमा कार्यपालिकाको बैठक वस्ने व्यवस्था गर्ने । | प्र.प्र.अ. | २०८० असार महिना सम्म | | √ | प्र.प्र.अ. | कार्यपालिकाको निर्णय |
| **२. संगठन तथा प्रशासन** | | | | | | | |
| ४ | क्षमता विकास योजनाको कार्यान्वयन गर्ने । | प्रमुख प्रशासकिय अधिकृत | २०८० असार महिना सम्म | √ | | प्रमुख प्रशासकिय अधिकृत | क्षमता विकास योजना |
| ५ | संघ र प्रदेशलाई चौमासिक रुपमा पठाउनुपर्ने प्रतिवेदन नियमित रुपमा पठाउने । | लेखा शाखा ( | प्रत्यक चैमासिकमा | | √ | नीरमाया पुरी | प्रतिवेदनको प्रति |
| ६ | संघ र प्रदेशलाई पठाएका प्रतिवेदन र विवरणहरु वेभ साइटमा राख्ने । | सुचना प्रविधि शाखा | प्रत्यक चैमासिकमा | | √ | सुचना प्रविधि अधिकृत | वेभ साइटको लिंक |
| ७ | अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत वीच र प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुख विच कार्यसम्पादन सम्झौता गर्ने । | प्रशासन शाखा | २०७९ माघ महिना सम्म | | √ | कमल चापागाई | गाउँसभाको निर्णय |
| ८ | आगामि आ.व.देखि जनशक्ति क्षमता विकासका लागि कूल चालु बजेटको कम्तिमा १ प्रतिशत बजेट विनियोजन गर्ने । | अध्यक्ष | ०८० असार सम्म | √ | | अध्यक्ष | वजेट तथा कार्यक्रम किताव |
| ९ | सबै सरोकारवालाहरुको सहभागितामा बर्तमान संगठन संरचना पुनरावलोकन गरी नयाँ कार्यगत संरचना | प्रमुख प्रशासकिय अधिकृत | २०७९ कार्तिक महिना सम्म | √ | | प्रमुख प्रशासकिय अधिकृत | तयार भएको संगठन संरचना |



सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घोप्राक, गोरखा गण्डकी प्रदेश, नेपाल

... कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तयार गर्ने र सोही अनुरुप पदपूर्ति कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने । | | | | | | |
| १० | गा.पा मा कार्यरत सबै कर्मचारीहरुलाई सेवाकालिन तालिम र सबै जनप्रतिनिधिहरुलाई वार्षिक रुपमा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने । | प्रमुख प्रशासकिय अधिकृत | ०७९ माघ देखि | √ | | प्रमुख प्रशासकिय अधिकृत | तालिम अभिलेख |
| **३. वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन** | | | | | | | |
| ११ | विषय क्षेत्रगत दीर्घकालिन योजना, आवधिक योजना तयार गरी कार्यान्वयनमा ल्याउने (योजना बनाउदा दीगो विकास लक्ष्य लाई पनि ध्यानमा राख्ने) । | कार्यपालिका | निर्माणाधिन चरणमा | √ | | अध्यक्ष | आवधिक विकास योजना |
| १२ | दीगो विकासका लक्ष्यहरु स्थानीयकरण सम्वन्धि नीति तथा कार्ययोजना तयार गर्ने । | प्रमुख प्रशासकिय अधिकृत | ६ महिना | | √ | प्रमुख प्रशासकिय अधिकृत | तयार भएको नीति तथा कार्ययोजना |
| १३ | गैससका कार्यक्रमहरु स्थानीय तहको वार्षिक योजना कार्यक्रममा समावेश गर्ने । | योजना शाखा | ०७९ बैशाख देखि | | √ | अहमद दिन मिया | सभा निर्णय तथा योजना किताव |
| १४ | पुजिगत बजेटको कम्तिमा ५० प्रतिशत बजेट ५ लाख भन्दा बढी लागतका योजनामा विनियोजन गर्ने । | उपाध्यक्ष | ०८० असार | | √ | उपाध्यक्ष | वार्षिक कार्यक्रम |
| १५ | आन्तरिक आयका सम्भावित श्रोतहरुको पहिचानका लागि सम्भाव्यता अध्ययन गर्ने । | राजश्व शाखा | ०७९ श्रावण देखि | √ | | नेत्र पौडेल | अध्ययन प्रतिवेदन |
| **४. वित्तीय एवं आर्थिक व्यवस्थापन** | | | | | | | |
| १६ | आन्तरिक श्रोतका दर र दायरा सम्वन्धमा राजश्व परामर्श समितिको अध्यन प्रतिवेदन तयार गर्ने । | उपाध्यक्ष | ०७९ असार | | √ | उपाध्यक्ष | अध्ययन प्रतिवेदनको प्रति |
| १७ | उपभोक्ता समितिहरुलाई वित्तीय अनुशासन सम्वन्धि अभिमुखिकरण गर्ने र वार्षिक १ प्रतिशत भन्दा कम वेरुजु वनाउन पहल गर्ने । | योजना शाखा तथा आलेप शाखा | ०७९ माघ देखि | √ | | अहमद दिन मिया र नेत्र पौडेल | तालिम संचालन र मलेप प्रतिवेदन |
| १८ | मासिक आय व्ययको विवरण वेभ साइट सार्वजनिक गर्ने । | लेखा शाखा | ०७९माघ देखि | | √ | नीरमाया पुरी | सार्वजनिक परिपत्र , वेवसाईट |
| १९ | वार्षिक खरिद योजना तयार गर्ने र सो को वार्षिक समिक्षा गर्ने । | प्राविधिक तथा जिन्सि शाखा | ०८० श्रावण देखि | | √ | कमल चापागाइ | खरिद योजना र वार्षिक समिक्षा |
| २० | गत आर्थिक वर्षको समीक्षा चालु आ.व को पहिलो चौमासिक भीत्र सम्पन्न गरि समिक्षा प्रतिवेदन सार्वजनिक गर्ने । चौमासिक समिक्षा लाई नियमित गन | प्र.प्र.अ. | ०७९ माघ देखि | | √ | प्र.प्र.अ | समिक्षा प्रतिवेदन |



उमेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **५. सेवा प्रवाह** | | | | | | | |
| २१ | वडा कार्यालयवाट प्रवाह हुने सेवा वडा अध्यक्षको अनुपस्थितिमा समेत वैकल्पिक व्यवस्था गर्न वडा सदस्यलाई अधिकार प्रत्यायोजन गर्ने  व्यवस्था लाई सवै वडाहरुमा कार्यान्वयन गर्ने । | वडा अध्यक्ष | ०७९ माघ देखि | | √ | ८ वटै वडा अध्यक्षहरु | प्रत्यायोजन गरिएको पत्रको कार्यालय प्रति । |
| २२ | E-Payment मार्फत भुक्तानि गर्ने । | लेखा अधिकृत | ०७९ असोज देखि | | √ | नीरमाया पुरी | वैक संग भएको संझौता । |
| २३ | गुनासो दर्ता किताव र गुनासो फछ्यौट गर्ने कार्यलाई नियमिता दिने । | गुनासो सुन्ने अधिकारी | निरन्तर | | √ | उत्तम वस्ती | गुनासो किताव |
| २४ | जन्मेको ३५ दिन भीत्र ९० प्रतिशत भन्दा वढिको जन्मदर्ता गर्ने । | पञ्जिकरण शाखा | ०७९ माघ देखि | | √ | ८ वटै वडाका वडा सचिवहरु | घटना दर्ता किताव । |
| २५ | प्रत्यक चौमासिकमा कम्तिमा एउटा सार्वजनिक सुनुवाई गर्ने । | प्रमुख प्रशासकिय अधिकृत | ०७९ माघ देखि | √ | | प्रमुख प्रशासकिय अधिकृत | सुनुवाईको किताव । |
| **६. न्यायिक कार्यसम्पादन** | | | | | | | |
| २६ | न्यायिक समितिले अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गरी छलफलका लागि सभामा पेश गर्ने कार्यलाइ व्यवस्थित गर्ने । | उपाध्यक्ष | निरन्तर | | √ | शारदा ढकाल | प्रतिवेदन पुस्तिका । |
| **७. भौतिक पूर्वाधार** | | | | | | | |
| २७ | बालमैत्रि र अपांग मैत्रि सार्वजनिक पूर्वाधार नीति निर्माण गरी कार्यान्वयनमा ल्याउने । | प्राविधिक शाखा | २०८० असार सम्म | | √ | सुदिप वराल | स्विकृत भएको नीति सम्वन्धि अभिलेख । |
| २८ | बालमैत्रि वडा घोषणा गर्ने । । | महिला तथा वालवालिका शाखा | २०८० असार सम्म | √ | | सारदा ढकाल | वडा घोषणाको माइन्युट र प्रतिवेदन । |
| २९ | सडक यातयात गुरुयोजना तयार गरि सोहि अनुरुप नक्सा पास गर्ने । | प्राविधिक शाखा | २०८० असार सम्म | √ | | सुदिप वराल | स्विकृत भएको गुरुयोजना । |
| ३० | संवेदनशील भूउपयोग योजना तयार गर्ने । | प्राविधिक शाखा | २०८० असार सम्म | √ | | सुदिप वराल | स्विकृत भूउपयोग योजना । |
| **८. सामाजिक समावेशीकरण** | | | | | | | |
| ३१ | सामाजिक समावेशिकरण अर्न्तगत निर्णय प्रकृयामा पछाडि परेका महिला, दलित,वालवालिका,वृद्धहरु, सिमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित | अध्यक्ष | २०७९ | √ | | अध्यक्ष | समानुपातिक प्रतिनिधित्वको प्रतिशत |



सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा

उमेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्ने, साथै जम्मा बजेटको कम्तिमा २ प्रतिशत विनियोजित गर्ने परिपाटी लाइ निरन्तर दिने । | | | | | | |
| ३२ | घरेलु हिंसा वालश्रम, वाल विवाह, वहु विवाह, दाइजो जस्ता कुरितिका अन्त्यकालागि वहश, पैरवि तथा चेतनामूलक कार्यक्रम संचालन गर्ने । | महिला तथा वालवालिका शाखा | २०७९ बैशाख । | √ | | शारदा ढकाल | वार्षिक कार्यक्रम संचालन रेकर्डिंग |
| ३३ | लैंगिक उत्तरदायि वजेट परिक्षण गर्ने । | महिला तथा वालवालिका शाखा | निरन्तर वार्षिक रुपमा | √ | | शारदा ढकाल | लैंगिक उत्तरदायि वजेट परिक्षण प्रतिवेदन |
| **९. वातावरण संरक्षण तथा विपद व्यवस्थापन** | | | | | | | |
| ३४ | गाउपालिकाको वातावरण ऐन, वातावरण संरक्षण नीति निर्माण गरी कम्तिमा एक वडालाई वातावरण मैत्रि वडा घोषणा गर्ने । | अध्यक्ष | २०७९ माघ देखि | √ | | अध्यक्ष | ऐन तथा नीतिको प्रति र घोषणाको प्रतिवेदन । |
| ३५ | विपद व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने (क्यू.आर.टी. गठन गर्ने, जोखिमको नक्सा, स्थानीय विपद व्यवस्थापन कोष स्थापना) । | विपद व्यवस्थापन शाखा | २०७९ माघ देखि | √ | | अहमद दिन मिया | विपद व्यवस्थापन कार्ययोजना |
| ३६ | सार्वजनिक, सामुदायिक साझेदारीका लागि टोल विकास संस्थाको गठन नीति अद्यावधिक गरी स्विकृत गर्ने, टोल विकास संस्था गठन तथा व्यवस्थापन गर्ने । | उपाध्यक्ष | २०७९ बैशाख देखि । | √ | | उपाध्यक्ष | टोल विकास संस्था गठन र नीति ( सदस्य संख्या) |
| **१०. सहकार्य र समन्वय** | | | | | | | |
| ३७ | सार्वजनिक नीजि साझेदारीका लागि उेन तथा नीति तथा संयन्त्र निर्माण गरी कार्यान्वयनमा ल्याउने । | अध्यक्ष | २०७९ माघ देखि । | | √ | अध्यक्ष | स्विकृत भएको नीति सम्वन्धि अभिलेख । |
| ३८ | छिमेकी स्थानीय तहहरु र जिल्ला समन्वय समिति संगको सहकार्यमा विकास निर्माणका कामहरु गर्ने र त्यसको अभिलेख व्यवस्थापन गर्ने । | अध्यक्ष | २०७९ माघ देखि । | √ | | अध्यक्ष | सहकार्य भएको प्रमाण । |

निरञ्जबाक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घोप्राक, गोरखा, गण्डकी प्रदेश, नेपाल

उमेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

## ४. निष्कर्ष, सुझाव तथा अगाडिका लागि मार्ग निर्देश

### ४.१ निष्कर्ष

देश संघीय संरचनामा प्रवेश गरिसकेपछि नयाँ स्थानीय सरकारसंग विभिन्न संकट हुँदाहुदै पनि सिरानचोक गा.पा.आफ्ना सबलपक्षहरुलाई परिचालन गरी अगाडि बढीरहेको छ। विभिन्न कमजोरीहरु त विद्यमान छन् तर ती क्रमश: संवोधन हुदै जाने अपेक्षा गरिएको छ।

सिरानचोक गा.पा.का सन्दर्भमा निम्न कुराहरु विशेष निष्कर्श भित्र पर्दछन्:

- स्थानीय सरकारको प्रभावकारीता आफूमा मात्र नभएर संघीय तथा प्रदेशको काम गराई, ऐन, नियम संग पनि निर्भर रहने हुन्छ। यसर्थ संघीय तथा प्रदेशको कार्यबाट पनि यसको प्रभावकारीता निर्भर रहन्छ।
- स्थानीय तहका बारेमा तथा संघ र प्रदेश का नीतिका वारेमा अझै पनि स्थानीय तहमा एकैखालको बुझाई छैन।
- ठूला योजना भन्दा साना साना योजनाहरु धेरै हुँदा अनुगमनको कार्य चुनौतिपूर्ण छ।
- संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्वन्धका वारेमा अझै पनि स्थानीय तहमा स्पष्टता छैन। स्थानीय सरकारको आफ्नो कामको दायराको बारेमा कतिपय वार्डका पदाधिकारी ज्यूलाई बुझाउन जरुरी छ।
- यस गा.पा. को अन्य स्थानीय सरकारसंगको अन्तर सम्वन्ध अझै पनि खासै विद्यमान छैन। अन्य स्थानीय सरकार संगको अन्तर सम्वन्धको बारेमा केही छलफल भएपनि यथार्थमा काम अझै हुन सकेको छैन।
- उपभोक्ता समिति न्यूनतम निर्देशनमा केन्द्रीत रही बढी पुरुष प्रधान देखिन्छ। विशेष गरी अध्यक्ष पदमा महिलाहरुको प्रतिनिधित्व धेरै कम छ।
- उपभोक्ता समिति लाइ दर्ता गराइ योजनाको सम्झौता गर्ने परिपाटीको नभएको हुदा तत्काल नै सो विषमा स्थानीय सरकारको ध्यान जान जरुरी छ।

यी वस्तुगत निश्कर्ष वाहेका सिरानचोक गाउँपालिकाको समग्र मूल्याङ्कन गरि हालको अवस्था, सुधारात्मक पक्ष तथा आगामि दिनका दिशानिर्देश सम्वन्धमा गहन छलफलबाट अनुभूति गरिनुमा साथै मूल्याङ्कनबाट प्राप्त नतिजा र कार्ययोजनालाई संस्थागत रुपमा आफ्नो अनुभूति गर्ने गाउँपालिकाको प्रतिवद्धता नै यस मुल्याङ्कन प्रकृयाको महत्वपूर्ण उपलब्धि हो। वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यहरुले यस प्रकृयावाट गाउँपालिकाको विश्लेषण हुनुका साथै आफ्ना काम कर्तव्य तथा गाउँपालिकाले कानुनत: सम्पादन गर्नु पर्ने कार्यको पनि गहन रुपमा छलफल तथा प्रष्टता भएको कारण यसलाई एक प्रशिक्षणको रुपमा समेत लिएका छन्। यस कार्यमा सवै जनप्रतिनिधि तथा कर्मचारीहरूको सामुहिक प्रतिवद्धता समेत रहेको छ।

स्थानीय सरकारले आफ्नो संवैधानिक जिम्मेवारी प्रभावकारी ढंगबाट पुरा गर्न सक्षम छ भन्ने सुनिश्चित गर्न बेलाबेलामा स्थानीय सरकारको संस्थागत सबल पक्ष, सुधार्नु पर्ने, अवसर तथा चुनौतिहरुको नियमित रुपमा विश्लेषण गर्न जरुरी छ। स्थानीय सरकार आफैमा स्वायत्त भएकोले आफ्नै नेतृत्वमा आफ्नो संस्थाको स्वमूल्याङ्कन गर्न वढी प्रभावकारी एवं व्यवहारिक हुने देखिन्छ। स्थानीय सरकारको कार्यक्षमता र सेवाप्रवाहका विषयहरू अति नै महत्वपूर्ण हुने भएकोले यस स्वमूल्याङ्कनले सम्वन्धित स्थानीय सरकारको सबल पक्ष, सुधार्नु पर्ने, अवसर तथा चुनौतिहरुको पहिचान गरी क्षमता अभिवृद्धि गर्न मद्दत पुर्‍याउँछ।

यस सिरानचोक गाउँपालिकाले प्रभावकारी सेवाप्रवाहको लागि कार्य गरिरहेको देखिन्छ। तर सवै जनप्रतिनिधि तथा कर्मचारीहरूलाई सुशासनमा अझ बढी गर्नुपर्ने कार्य औंल्याएको छ। विभिन्न प्राविधिक क्षेत्रको दक्षता र मानव संशाधनको कमि हुदाहुदै विभिन्न कानून तथा कार्यविधिको निर्माण तथा क्रमश: कार्यान्वयन, स्थानीय राजश्वको दायरा वृद्धि गर्ने प्रयास, सामाजिक सुरक्षाका प्रयास सह्राहनीय छ।

उमेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याल्चोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

### ४.२ सुझावहरु

शासन प्रक्रियालाई संस्थागत गर्न र गाउँपालिकाहरुको कार्यसम्पादनको मूल्यांकन गर्नका लागि मापन योग्य मापदण्डका आधारमा यो प्रकृया पूरा गरिनु पर्दछ। यस संस्थागत लेखाजोखा विधिले केहि हदसम्म यो कार्यलाई सम्वोधन गर्दछ। आगामी दिनहरुमा स्थानीय र प्रादेशिक सरकारहरुसंगको परामर्शमा संघीय सरकारले बस्तुगत आधारमा स्थानीय सरकारहरुको कार्यसम्पादन र प्रभावमूल्यांकन गर्ने मापदण्डको विकास गर्न आवश्यक देखिन्छ। यसरी राम्रो कार्य गर्ने स्थानीय सरकारलाई निश्चित प्रोत्साहन प्रदान गर्ने पनि धेरै आवश्यक छ।

सिरानचोकगा.पा.का सन्दर्भमा निम्न कुराहरु विशेष सुझाव भित्र पर्दछन् :

- अन्तर स्थानीय तह अनुभव आदान प्रदान तथा ज्ञान व्यवस्थापनका लागि दुई वा सो भन्दा बढी स्थानीय तहलाई एकै ठाउँमा प्रशिक्षण संचालन गर्नुपर्ने जरुरी देखिन्छ।
- वास्तवमा भन्नुपर्दा निर्वाचित पदाधिकारीज्यूहरुमा ऐन, नियम, नियमावली, कार्यविधि आदिका बारेमा बुझाई बढाउन र क्षमता अभिवृद्धि गर्न अझै छलफल गर्नुपर्ने देखिन्छ।
- प्रभावकारी कार्य सम्पादनका लागि निर्वाचित पदाधिकारीहरु तथा कर्मचारीहरुको विद्यमान सम्वन्धित कामको ज्ञानको तह अझ बढाउनु पर्ने देखिन्छ।
- उपभोक्ता समितिको नेतृत्व विशेष गरी अध्यक्ष पदमा महिला तथा सिमान्तकृतलाई गराउन नीति तयार गरी उपभोक्ता समितिलाई समानुपातिक बनाउनु पर्ने देखिन्छ।
- गाउँपालिकाले सम्पादन गरेका प्रत्येक गतिविधिको दस्तावेज तयार गरिनुका साथै सिकाई र असल अभ्यासको अभिलेखिकरण गरी ज्ञान व्यवस्थापन प्रणाली स्थापित गर्नु पर्ने देखिन्छ।
- थप विषयगत क्षेत्र सार्वजनिक जवाफदेहिता व्यवस्थापन र ज्ञान व्यवस्थापन स्थानीय तहका लागि सान्दर्भिक देखिन्छ।
- कार्यपालिका सदस्य, वार्ड सदस्य लगायत सबै सभासद्हरूको गाउँपालिका तथा वडा समितिका कामहरू सञ्चालन गर्ने कार्य क्षमतामा समानता छैन त्यसैले उनीहरुको क्षमता बढाउनु आवश्यक छ।
- संगठन संरचना, दररवन्दी र दरवन्दीको पद पूर्ति आदिलाई व्यवस्थित गर्न विषयगत समिति, विषयगत शाखा तथा जनप्रतिनिधि र कर्मचारीहरुको व्यक्तिगत कार्यविवरण सहितको संगठन तथा व्यवस्थापन (O & M) सर्भे आवश्यक छ।
- जनप्रतिनिधि तथा कर्मचारीहरू कार्य दक्षतामा प्रभावकारिता ल्याउन कार्य जिम्मेवारी र कार्यविवरण तयार गरी कार्य सम्पादन सम्झौता गरिनु पर्ने देखिन्छ।
- व्यक्तिगत, संगठनात्मक र संस्थागत क्षमता आवश्यकताहरू सम्बोधन गर्न एउटा विशिष्ट क्षमता विकास योजना आवश्यक छ जसलाई आवधिकरुपमा अद्यावधिक गर्नुपर्दछ।
- विशेष प्रकृतिका कार्यहरु भवननिर्माण सम्वन्धि नियमहरू, राजस्व सुधार, लैंगिक उत्तरदायी बजेट, संगठनात्मक विकास, विपदन्यूनिकरण आदि विषयमा गाउँपालिकालाई प्राविधिक सल्लाहको सहयोग आवश्यक छ।
- रणनैतिक कार्ययोजनामा उल्लेख भएअनुसार प्रशिक्षण, कार्यशाला, भ्रमण आदि प्रभावकारी, समयबद्ध, व्यवस्थित तथा मितव्ययी तरिकाले कार्यान्वयनभएको सुनिश्चित गर्न आवश्यक छ।
- नियमित अनुगमन र मुल्याङ्कनको प्रणालि मार्फत गाउँपालिकाका पदाधिकारी र कर्मचारीले आवश्यक सल्लाह र सुझाव लिन सकिने व्यवस्था जरुरी देखिन्छ।

XX--XX

उमेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका
गाउँपालिकाको कार्यालय
घ्याल्चोक, गोरखा
गण्डकी प्रदेश, नेपाल